# जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारबाट सञ्चालित विकास योजना तथा कार्यक्रम निर्धारित लागत र समयसीमामा सम्पन्न गर्न, गुणस्तरियता कायम गर्न, समग्र विकास प्रशासन सम्बन्धी क्रियाकलापमा समन्वय गर्न आवश्यक भएकोले कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ को दफा ८ को अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अनुगमन” भन्नाले प्रदेश सरकारबाट संचालित विकाससँग सम्बन्धित योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्यलाई सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले प्रदेश सरकार मातहतका कार्यालयलाई सम्झनुपर्दछ

(ग) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनु पर्दछ ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरुलाई सम्झनु पर्दछ।

(ङ) “मूल्याङ्कन” भन्नाले कार्यान्वयनका चरणमा रहेका वा सम्पन्न भएका योजना, कार्यक्रम तथा आयोजनाहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभावहरूका सम्बन्धमा लैङ्गिकता तथा समताका दृष्टिले समेत उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिएको अध्ययन, विश्लेषण र प्रतिवेदनको समष्टिगत कार्यलाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

३. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः (१) समितिले देहाय बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछः

(क) प्रदेश सरकारको अख्तियारी र प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएको समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानबाट संचालित परियोजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ,

(ख) खण्ड (क) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा प्रदेश सभा सदस्य एवं अन्य सरोकारवालाहरुलाई आमन्त्रण तथा सहभागी गराउन सक्नेछ,

(ग) खण्ड (क) बमोजिम प्रदेश सरकार र प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण भएका रु. पचास लाख वा सो भन्दा बढीका आयोजनाको हकमा समितिबाट अनिवार्य रुपमा अनुगमन तथा मूल्याङ्कन गराउनुपर्नेछ,



प्रमुख सचिव

(घ) आयोजना संचालन सम्बन्धमा देखिएका कमजोरी, समस्या र कैफियतहरु विश्लेषण गरी सुधारका लागि आगामी कदम बारेमा आवश्यक सूचक सहित उपायहरु सुझाउने,

(ङ) आयोजना कार्यान्वयनको सिलसिलामा देखिएका नीतिगत, कार्यगत, व्यवहारगत एवं परिस्थितिजन्य समस्याको लेखाजोखा गरी भावी दिनमा यस्ता समस्या दोहोरिन नदिन के उपाय अपनाउन सकिन्छ भनि नतिजामूलक सुझाव दिने,

(च) आयोजना कार्यान्वयन गर्दा द्वन्द्व तथा विवाद सिर्जना भएमा समस्या समाधानका लागि आवश्यक नीतिगत, कार्यगत, प्रविधिगत र व्यवहारगत सुझावहरु सहित आवश्यकता अनुसार सघन सहजीकरण गर्ने,

(छ) प्रदेश सरकारको अनुरोधमा आवश्यकता अनुसार विकास आयोजनाको अनुगमन मूल्याङ्कन सम्बन्धी अन्य कार्यहरु गर्ने,

(ज) अनुगमन तथा मूल्याङ्कन गर्दा यस दफा बमोजिम उल्लेख गर्नुपर्ने कुराहरु खुलाई (सम्भव भएसम्म फोटो सहित समावेश गरी) सम्बन्धित मन्त्रालय वा निकायलाई अनुगमन गरेको पन्ध्र दिनभित्र सुझाव तथा प्रतिवेदन दिने। यस्तो प्रतिवेदन सम्बन्धित स्थानीय तहमा समेत उपलब्ध गराउने।

(२) प्रदेश सरकारका विषयगत मन्त्रालयबाट जिल्लास्तरमा आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा समितिसँग समन्वय गर्नुपर्नेछ।

४. आचार संहिता : समितिका पदाधिकारी तथा कर्मचारीहरुले देहायका आचारसंहिता पालना गर्नुपर्नेछः-

(क) अनुगमन गरिने योजना तथा कार्यक्रमको पूर्व जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ,

(ख) अनुगमनमा संलग्न पदाधिकारी/कर्मचारीले कामसँग सम्बन्धित विषयमा सरोकारवालाहरुसँग औपचारिक सम्बन्ध स्थापित गर्ने बाहेक कुनै पनि सामाजिक र अन्य क्रियाकलापमा सरिक हुन पाइने छैन।

५. <u>जानकारी गराउनुपर्नेः</u> (१) प्रदेश सरकार मातहतका निकायले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम समिति र स्थानीय तहमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम पठाउँदा उक्त कार्यक्रम कार्यान्वयन कार्ययोजना समेत संलग्न गराउनुपर्नेछ ।

६. <u>प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> (१) जिल्ला स्थित कार्यालयले आफूले सम्पादन गरेको कामको चौमासिक र वार्षिक प्रगति विवरण समितिमा पेश गर्नुपर्नेछ ।

(२) प्रदेश सरकारबाट जिल्लामा सञ्चालित कार्यक्रमको वार्षिक र चौमासिक समीक्षा समितिको प्रमुखको संयोजकत्वमा बस्नेछ । समीक्षामा उठेका आवश्यक सुझावको सम्बोधन गर्नु सम्बन्धित कार्यालयको दायित्व हुनेछ ।

७. गैरसरकारी संस्था सम्बन्धी व्यवस्था: (१) जिल्ला भित्र सञ्चालन हुने गैरसरकारी संस्थाहरुले आफ्ना क्रियाकलाप सञ्चालन गर्दा समितिसँग समन्वय गर्नुपर्नेछ ।

(२) गैरसरकारी संस्थाहरुले आफ्नो बार्षिक कार्यक्रम र चौमासिक एंव बार्षिक प्रगति विवरण समितिमा पेश गर्नुपर्नेछ ।

(३) गैरसरकारी संस्थाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी समितिले सुझाव प्रदान गर्न सक्नेछ । यसरी अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग गर्नु सम्बन्धित गैह्र सरकारी संस्थाको दायित्व हुनेछ ।

८. सहजीकरण गर्ने: (१) प्रदेश सरकारबाट जिल्लामा सञ्चालन गरिने योजना तर्जुमा, वार्षिक तथा चौमासिक समीक्षा लगायत अन्य कार्यक्रमहरुको लागि समितिले आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि आवश्यक बजेट तथा अख्तियारी प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ ।

९. जनशक्ति सम्बन्धी व्यवस्था: (१) समितिबाट कुनै विशेष प्रकृतिका योजना अनुगमन तथा मूल्याङ्कन गराउन विशेष प्राविधिक जनशक्ति आवश्यक परेमा प्रदेश सरकारका विषयगत कार्यालयले अनुगमन प्रयोजनको लागि उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जनशक्ति उपलब्ध हुन नसकेको अवस्थामा करार तथा परामर्श सेवामा १ जना प्राविधिकबाट कामकाज गराउन सकिनेछ ।

१०. वित्तीय व्यवस्था: समितिको लागि अध्ययन, अनुगमन, समन्वय तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्न प्रदेश सरकारबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११. सुझाव प्रदान गर्न सक्ने: (१) समितिले प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गरी आवश्यक सुझाव प्रदान गर्न सक्नेछ ।

१२. सम्पर्क गर्न सक्ने: समितिले प्रदेश सरकारसँग सम्पर्क गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत गर्न सक्नेछ ।

१३. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएको वाहेक अन्य कुरा प्रचलित कानूनमा बमोजिम हुनेछ ।

१४. बाधा अड्काउ: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले फुकाउन सक्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव